# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०२।०९ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०२।०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | राजकुमार शाक्य, अल्का शाक्य र प्रभा शाक्य (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०४०९ र फैसला मिति २०८०/०५/२७) | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रतिवादी राजकुमार शाक्यले सार्वजनिक सेवामा प्रवेश गरेको मिति २०४९/०२/०२ देखि मिति २०७६ फागुन मसान्तसम्मको जाँच अवधिमा आर्जन गरेको वैध आय **रु. १,६१,७३,५६१।—** **(अक्षरेपि एक करोड एकसठ्ठी लाख तिहत्तर हजार पाँच सय एकसाठ्ठी मात्र)** को तुलनामा सोही अवधिमा निजले **रु. १२,३९,२४,०१४।—** **(अक्षरेपि बाह्र करोड उनान्चालिस लाख चौबिस हजार चौध मात्र)** लगानी तथा खर्च (व्यय) गरेको देखिँदा निजको आय भन्दा बढी लगानी तथा खर्च गरेको रकम **रु. १०,७७,५०,४५३।—** **(अक्षरेपि दश करोड सतहत्तर लाख पचास हजार चार सय त्रिपन्न मात्र)** बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी | <u>फैसलाः</u> आंशिक वादी दावी पुग्ने।<br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u><br><u>आयतर्फः</u><br>**(क) प्रतिवादी राजकुमार शाक्य कार्यरत कार्यालयबाट असाधारण (बेतलवी) बिदामा रहँदा गोर्खा वेलफेयर स्किम ब्रिटिस गोर्खा नेपाल, पोखरामा कार्यरत रही प्राप्त पारिश्रमिक लगायतका बचत आयः**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. २३,१८,६०६।— कायम गरिएकोमा प्रतिवादी राजकुमार शाक्यले उक्त कार्यालयबाट प्राप्त गरेको तलब भत्तामा जीवन निर्वाह खर्च ३०% कटाएको साथै उक्त कार्यालयबाट अवकाश लिएपछि प्राप्त हुने उपदान र प्रोविडेन्ट फण्डको रकममा पनि ३०% जीवन निर्वाह खर्च कटाउन नमिल्ने भनी जिकिर लिएको।<br>▪ यस सम्बन्धमा, मासिक तलब रकममा नै जीवन निर्वाह खर्च कटाइसकेपछि जम्मा भएको उपदान र प्रोविडेन्ट फण्डको रकममा पनि पुनः सो वापत रकम कटाउँदा दोहोरो पर्न जाने देखिँदा कटाउन उचित नहुने देखिएको। प्रतिवादी राजकुमार शाक्यको पारिश्रमिक वापतको रकम रु. २२,५५,८४०।—; प्रोविडेन्ट फण्ड वापतको रकम रु. ४,०५,८७५।—; उपदान वापतको रकम रु. १,००,५८०।— र DA तथा मेडिकल वापतको रकम रु. ५,५०,०००।— देखिएको। यी रकमहरु मध्ये पारिश्रमिक वापतको रकम रु. २२,५५,८४०।— को ३०% घटाउँदा हुन आउने रकम रु. १५,७९,०८८।— र अन्य शीर्षकका सबै रकम जोड्दा हुन आउने जम्मा रु. २६,३५,५४३।— प्रतिवादीको आयमा कायम हुने देखिएको।<br>**(ख) प्रतिवादी राजकुमार शाक्यको आयले खामेका मुद्दति निक्षेप परिपक्क पश्चात फिर्ता आयः**<br>▪यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादीले मुद्दती | **५. वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट देहाय बमोजिम आय शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेकोः**<br>**(क) आयतर्फः**<br>**(अ) प्रतिवादी राजकुमार शाक्यको आयले खामेका मुद्दति निक्षेप परिपक्क पश्चात फिर्ता आयः**<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी राजकुमार शाक्यको सम्पत्तिको जाँच अवधि आय र व्ययको आधारमा आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) तयार गर्ने क्रममा निज प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएकोमा र निजले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेकोमा सोही बिन्दुसम्म एक जाँच अवधि कायम गरी आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) विभिन्न १० खण्डमा वर्गीकरण गरी १० वटा जाँच अवधि कायम गरिएको[1] र उक्त जाँच अवधिको अन्य कुनै मापदण्ड नरहेको। यसरी, आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको र त्यस्तो बढी हुन गएको रकमको स्रोत पुष्टि हुन नसकेको अवस्थामा जाँच अवधि कायम हुने गरेको। प्रस्तुत मुद्दामा आरोपपत्रको पृष्ठ ११ देखि पृष्ठ ६२ सम्म १० वटा खण्डमा वर्गीकरण गरी १० वटा जाँच अवधि कायम गरी प्रतिवादी राजकुमार शाक्यको वैद्य आय तथा आर्जन, व्यय/खर्च तथा लगानी र वैद्य आय बचत सम्बन्धमा विश्लेषण र मूल्याङ्कन गरी निज प्रतिवादीको सम्पत्तिको वैधता परीक्षण तथा अनुसन्धान गरी आय र व्ययको तुलनात्मक विवरण सहित स्पष्ट र किटानी मागदावी लिई निज प्रतिवादीको आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) उल्लेख भएको आरोपपत्र पेश भएको। प्रस्तुत मुद्दामा प्रतिवादी राजकुमार शाक्यको आय व्ययको मूल्याङ्कन गर्ने क्रममा प्रतिवादी राजकुमार शाक्यले निज तथा निजको एकासगोलको परिवारको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा मुद्दती खातामा रकम राख्दा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषय सोही बखत हेरिने तथा मूल्याङ्कन गरिने विषय भएको। अघिल्लो अवधिमा आर्जन गरेको गैरकानुनी सम्पत्तिलाई पछिल्लो अवधिमा आर्जित वैद्य सम्पत्तिले परिपूरण गर्न सकिने तर्क आफैमा तार्किक र कानुन संगत हुने नदेखिएको। सम्मानित विशेष अदालतबाट लिइएको आधार बमोजिम यो विषयमा प्रतिवादीको आय र व्ययको समग्रतामा हेर्ने हो भने मुद्दती खातामा रकम राखेको बखतको आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषयले |

[1] गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा १०(३)(ड)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | राजकुमार शाक्यले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले **बिगो रु. १०,७७,५०,४५३।— (अक्षेरेपि दश करोड सतहत्तर लाख पचास हजार चार सय त्रिपन्न मात्र)** कायम गरी निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ बमोजिम दफा ३, दफा १६ग र दफा २९(२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै निज राजकुमार शाक्यले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको **रु. १०,७७,५०,४५३।— (अक्षेरेपि दश करोड सतहत्तर लाख पचास हजार चार सय त्रिपन्न** | निक्षेप परिपक्व पश्चात पटक पटक रकम प्राप्त गरेको देखिए पनि उक्त मुद्दती निक्षेप राख्दा निजको आयले खामेका मुद्दती निक्षेप परिपक्व पश्चात फिर्ता आयलाई मात्रै निजको आयमा जोडी जम्मा रु. ६७,१४,३४१।— कायम गरिएको। यस सम्बन्धमा, प्रतिवादीको समग्र जाँच अवधिलाई मनोमानी ढंगले विभाजन गरेर कुनै एक अवधिमा निजको व्यय भन्दा आय कम देखियो भन्ने आधार देखाएर सो अवधिमा निजले गरेको आयलाई नजोड्नु मनासिब नहुने, सम्मानित सर्वोच्च अदालतबाट यस सन्दर्भमा धेरै मुद्दाहरुमा व्याख्या र विवेचना भई मान्यता स्थापित भइसकेको छ भन्ने आधारमा प्रतिवादीको जम्मा सेवा अवधि मिति २०४९/०२/०१ देखि २०७६ फागुन मसान्तसम्मको समग्र आय व्ययको हिसाब गरेर वादी दावी पुग्न सक्छ वा सक्दैन भन्ने आधारमा निष्कर्षमा पुग्नुपर्ने हुँदा आरोपपत्रमा मुद्दती निक्षेप परिपक्व भई निजले प्राप्त गरेको सबै रकमलाई आयमा नजोडेको मिलेको नदेखिएको।<br>▪ आय व्ययको प्रवाह विवरणमा पहिलो पटक मिति २०६९/०५/०२ मा रु. २,००,०००।— मुद्दती निक्षेप परिपक्व भएको। त्यसपछि २०६९/०८/३० मा रु. ४,१५,००२।— परिपक्व भएको। यसरी, ७० पटक मुद्दती निक्षेप परिपक्व हुँदा प्रतिवादीले प्राप्त गरेको जम्मा रु. ६,१८,९४,९५०।— प्रतिवादीको आयमा कायम हुने देखिएको।<br>**(ग) घर बहाल आय (निर्मित घरमा स्रोत खुलेको भागबाट बढेबढाएको वैध आय):**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी राजकुमार शाक्यले घर निर्माण गर्दा सबै निर्माण खर्चमा स्रोत नपुगेको, स्रोत पुगेको भाग जतिबाट प्राप्त गरेको बहाल आयलाई मात्रै जोडिएकोले निज प्रतिवादीको जम्मा रु. ११,०२,२००।— रहेको देखिए तापनि घर निर्माण गर्दा ७३.३२% मात्रै प्रतिवादीको आयको स्रोत खुलेको | परीक्षणको क्रममा स्थान नै नपाउने हुँदा यो विषयको औचित्य नै समाप्त भई गैरकानुनी रुपमा बढेबढाएको सम्पत्तिले वैद्यता पाउने र White Collar Crime को रुपमा परिभाषित गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को मकसद विपरीत हुन जाने देखिएको।<br>▪ यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट *"गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नुपर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने।"*[२] भन्ने सिद्धान्त प्रतिपादन भएको। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि सोही व्यक्तिको आम्दानीको स्रोत बन्न सक्ने नै हुन्छ, तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्नै पर्ने हुन्छ[३] भनी सिद्धान्त प्रतिपादन भएको। त्यस्तै, सम्मानित सर्वोच्च अदालतबाट जाँच अवधिमा खरिद गरिएको जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा मान्यता दिइन्छ भने उक्त जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्छ तथा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भएमा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः वैध आर्जन हुने र आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा त्यस्तो सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः अवैध हुने[४] भनी सिद्धान्त प्रतिपादन भएको। यसरी, खरिद वा लगानी गरिएको सम्पत्तिबाट आर्जन गरेको तथा बढेबढाएको आय दावी गर्ने व्यक्तिले मूलधन अर्थात खरिद वा लगानी गरिएको सम्पत्तिमा भए गरेको शुरु लगानीको स्रोत पुष्टि गर्नुपर्ने देखिएको।<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी राजकुमार शाक्यले निज तथा निजको एकासगोलको परिवारको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा मुद्दती खातामा रकम राख्दा निजको वैध आयले खामेको नपाइएकोले आंशिक तथा पूर्ण रुपमा स्रोत खुलेको अर्थात निजको वैध आयले खामेका मुद्दती निक्षेप परिपक्व पश्चात फिर्ता आयलाई स्रोत खुलेको भागअनुसार आरोपपत्रको पृष्ठ ११-६२ मा आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) मा प्रतिवादी राजकुमार शाक्यले मुद्दती खातामा रकम राख्दाको अवस्थामा निजको तत्बेलाको आयले खामेको रकम रु. ६७,१४,३४१।— आयोगबाट |

[२] *नेपाल सरकार वि. युवराज शर्मा समेत,* मुद्दाः गैरकानुनी सम्पत्ति भ्रष्टाचार (ने.का.प. २०६९, अंक ९, नि.नं. ८८८६)

[३] *नेपाल सरकार वि. बद्रीनाथ श्रेष्ठ,* मुद्दाः भ्रष्टाचार (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४४९)

[४] *नेपाल सरकार वि. खुमबहादुर खड्का समेत,* मुद्दाः भ्रष्टाचार (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **मात्र)** बराबरको चल अचल सम्पत्ति र **नपुग बिगो रु. ८,२२,७५,७२७।—** समेत साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग तथा दफा २९(१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असुल उपर हुन मागदावी लिइएको।<br>साथै, प्रतिवादी राजकुमार शाक्यले सार्वजनिक सेवाको पदमा रहेर आफ्नो पदको दुरुपयोग गरी भ्रष्टाचारजन्य कार्य गरी गैरकानुनी रुपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरु निजले आफू लगायत श्रीमती अल्का शाक्यका नाममा खरिद/लगानी गरेको र अल्का शाक्यको नाममा मिति २०७६/०९/०८ मा खरिद गरिएको जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका वडा नं. १३ (साविक वडा नं. ४) स्थित कि.नं. ६५६ को क्षेत्रफल ०-४-०-२ | हुँदा जम्मा आयको ७३.३२% ले हुन आउने रु. ८,०८,१३३।— मात्र गणना गरी जम्मा रु. ८,६१,७००।— कायम गरिएको।<br>यस सम्बन्धमा, गैरकानुनी सम्पत्ति आर्जनको मुद्दामा घर बहालमा लाग्न सक्ने अवस्था रहेको र कुनै तवरबाट बहालमा लागेको देखिएमा त्यसलाई आयमा गणना गर्ने अदालती अभ्यास रही आएको र घर बहालमा लगाएर आय आर्जन गरेको देखिएमा कर नतिरेकै आधारमा बहाल आयलाई नजोड्ने भन्नु अदालती अभ्यास विपरीत भएकोले प्रतिवादीले बयानमा जिकिर लिएको रु. २६,९२,५००।— लाई प्रतिवादीको यस शीर्षक अन्तर्गत आय मानी पहिले कर तिरिसकेको रकम रु. ११,०२,२००।— लाई घटाई बाँकी रकम रु. १५,९०,२००।— को १०% ले कर कट्टा गर्दा हुन आउने रकम रु. १,५९,०२०।— कट्टा गरी बाँकी रकम रु. १४,३१,१८०।— घर बहाल आयमा थप गर्नुपर्ने देखिई यस शीर्षक अन्तर्गत जम्मा रु. २५,३३,४८०।— कायम हुने देखिएको।<br>**(घ)** प्रतिवादी राजकुमार शाक्यको अन्यथा जिकिर रहेकोमा आयोगको दावी बमोजिम नै **जग्गा बिक्रीबाट प्राप्त आय** रु. २,००,०००।— प्रतिवादीको आयमा कायम हुने गरी सम्मानित विशेष अदालतबाट फैसला भएको देखिएको।<br>**(ङ)** आयोगको दावी बमोजिम नै **प्रतिवादी राजकुमार शाक्यले सार्वजनिक सेवामा रही आर्जित पारिश्रमिक बचत आय (७०%)** रु. ४१,७७,६८३।–; **सार्वजनिक सेवामा रही अतिरिक्त समयमा झापा र तेह्रथुम स्थित कार्यालयमा कार्यरत रहँदा प्रतिवादीको आर्जित अतिरिक्त बचत आय (७०%)** रु. १,३६,५३५।–; **प्रतिवादी अल्का शाक्यको पारिश्रमिक बचत आय (८५%)** रु. ११,६५,७७५।–; **शेयर नगद लाभाँश** रु. १,६४,६२१।–; **बीमा परिपक्व आय** रु. ३,७३,४००।–; **प्रतिवादी राजकुमार शाक्यको वैदेशिक बचत आय (७०%)** रु. ४२,०००।– र **कार्यालय समय बाहिर प्रतिवादीले रेडक्रसबाट प्राप्त अतिरिक्त बचत आय (७०%)** रु. १८,९००।– प्रतिवादीको आयमा कायम हुने गरी सम्मानित विशेष अदालतबाट फैसला भएको देखिएको।<br>**(च) आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका आयका निम्न थप शीर्षकहरुको सम्बन्धमाः** | प्रतिवादीको यस शीर्षकमा गणना गरिएको।<br>▪ सम्मानित विशेष अदालतबाट यसै शीर्षकको सन्दर्भमा माथि उल्लिखित प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत आरोपपत्रको पृष्ठ ११-६२ मा आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) मा प्रतिवादी राजकुमार शाक्यले मुद्दती खातामा रकम राख्दाको अवस्थामा निजको तत्बेलाको आयले खामेको रकम रु. ६७,१४,३४१।— कायम नगरी निज प्रतिवादीले मुद्दती निक्षेप परिपक्व भई प्राप्त गरेको सम्पूर्ण रकम रु. ६,१८,९४,९५०।— गणना गरी प्रतिवादीको आयमा कायम गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(आ) घर बहाल आय (निर्मित घरमा स्रोत खुलेको भागबाट बढेबढाएको वैध आय):**<br>▪ यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा घर बहाल आय आर्जन गरेको मुलधन अर्थात प्रतिवादी राज कुमार शाक्यको नाममा दर्ता कायम रहेको का.जि.का.म.न.पा.-२६ (साविक २९), गोंगबु स्थित कित्ता नं. ५२७ क्षे.फ. १५३.८९ व.मि. भएको जग्गामा मिति २०६५ वैशाख देखि निर्माण शुरु गरी निर्माण सम्पन्न गरेको ३१६५.३५ व.फि. भएको साँढे तीन तला घर निर्माण लागतमा भए गरेका लगानी खर्चलाई आंशिक रुपमा मात्र निजको तत्वेलाको सञ्चित वैध आयले खामेको र २८.९६% बराबरको घर निर्माण लागत लगानी खर्चलाई खामेको नदेखिँदा स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाएको सम्पत्तिलाई वैध आयको रुपमा गणना गर्न मिल्ने नदेखिई निजले घर बहाल आय रु. ११,०२,२००।– दावी लिए तापनि आयोगबाट स्रोत खुलेको सम्पत्तिबाट बढेबढाएको आय ७३.३२% ले हुन आउने रु. ८,०८,१३३।– मात्र गणना गरी जम्मा रु. ८,६१,७००।– कायम गरिएको।<br>▪ सम्मानित विशेष अदालतबाट प्रतिवादीको आय व्यय समग्रतामा हेरिने भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको समेतका आधारमा प्रतिवादीको घर बहाल आय पनि समग्रतामा नै गणना गर्नुपर्ने देखिएको भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत उक्त कित्ता नं. ५२७ को जग्गामा निर्मित साँढे तीन तला घरको निर्माण लागत रकमको मूलधनको स्रोत पुष्टि नभएको अवस्थामा प्रतिवादीको यस शीर्षकमा रु. २५,३३,४८०।– कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(इ) बैंकबाट प्राप्त ब्याजः**<br>▪ यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा प्रतिवादी राजकुमार शाक्य तथा निजको श्रीमती प्रतिवादी अल्का शाक्य समेतका नाममा सञ्चालित विभिन्न बैंक खाताहरुमा रहे भएका अर्थात खातामा जम्मा गरिएका मौज्दात तथा मुलधनको स्रोत पुष्टि हुन सकेको अवस्थामा मात्र ब्याज आय वैध हुने मान्यता अनुरुप निजले मुद्दति खातामा रकम जम्मा गरिरहँदाका बखत निजको तत्वेलाको सञ्चित वैध आयले खामेको नपाइएकोले स्रोत खुल्न नआएको सम्पत्तिबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (१३१.१४ व.मि.) भएको जग्गा मिति २०७६/१०/१२ मा अल्का शाक्यको नामबाट भान्जी नाताकी प्रभा शाक्यको नाममा स्वामित्व परिवर्तन गरेको देखिएको। उक्त जग्गाको स्वामित्वका सम्बन्धमा हाल कायम जग्गाधनी प्रभा शाक्यले सो जग्गा आफ्नो लगानीमा खरिद गरेको नभई प्रतिवादी राजकुमार शाक्य तथा अल्का शाक्यको भएको र सो स्वामित्व प्राप्त गर्दा तिरे बुझाएको रजिष्ट्रेशन शुल्कसमेतमा आफ्नो खर्च लगानी भएको उक्त जग्गा मामा प्रतिवादी राजकुमार शाक्यले भने बमोजिम आफ्नो नाममा राखिदिएको मात्र हो भनी प्रभा शाक्यले अनुसन्धानको क्रममा गरेको बयानमा खुलाईदिएको बेहोरालाई प्रतिवादी राजकुमार शाक्यसमेतले सो जग्गा मिति २०७६/०९/०८ मा श्रीमती अल्का शाक्यको नाममा खरिद गरी मिति २०७६/१०/१२ मा भान्जी नाताकी प्रभा | **(अ) बैंकबाट प्राप्त ब्याजः**<br>प्रतिवादीको बैंकमा रहेको मौज्दातमा नै स्रोत नपुगेको कारण त्यसबाट प्राप्त ब्याज प्रतिवादीको आयमा जोड्न मिल्दैन भन्ने आधार लिएको देखिए तापनि प्रतिवादीको समग्र आय व्ययलाई हिसाब गरेर निजको सम्पत्तिको स्रोत पुग्छ कि पुग्दैन भनेर हेरिने हुँदा निजको साथमा रहेको सम्पूर्ण सम्पत्तिलाई निजको आयमा जोडेर हेर्नुपर्ने हुँदा बैंक खाताको अन्तिम मौज्दात जम्मा रु. ३९,२३,०२०।— रहेको देखिँदा त्यसको १०% ले हुने रकम रु. ३,९२,३०२।— लाई न्यायिक अनुमानका आधारमा निजको यस शीर्षक अन्तर्गतको आय कायम गर्नु उचित देखिएको।<br>**(आ) कर्जा वापत प्राप्त ब्याजः**<br>आरोपपत्रको पृष्ठ ६ मा तालिका नं. ४ मा ऋण वा सापटी दिएको र फिर्ता पाएको विवरण उल्लेख भएको र प्रतिवादीले भने बमोजिम जम्मा रु. ६४,५०,०००।— ऋण सापटी दिएको भन्ने देखिएको र निजले उक्त सापटी मिति २०७६/१०/०९ मा दिएको भन्ने देखिँदा आरोपपत्र दायर भएको अवधिसम्म करिब ६ महिनाको अवधिमा त्यसको ब्याज रकम निजले प्राप्त गरेको मान्नुपर्ने भएको हुँदा उक्त कर्जा रकमको १०% ले हुन आउने ६ महिनाको ब्याज रकम निजको आयमा जोड्नु मनासिब देखिँदा रु. ६४,५०,०००।— को १०% ले ६ महिनाको ब्याज रु. ३,२२,५००।— प्रतिवादीको यस थप शीर्षकको आय कायम हुने नदेखिएको।<br>**(इ) मुद्दती निक्षेप सुरक्षण धितो राखी प्राप्त कर्जा रकमः**<br>प्रतिवादीले मुद्दती निक्षेप सुरक्षण धितो राखेर जम्मा रु. १,७८,७०,०००।— कर्जा लिएको देखिएकोले यो कर्जा रकम निजको आय रकम भित्र पर्न जाने हुँदा प्रतिवादीले राखेको निक्षेपलाई निजको ब्याजमा गणना गरिएको छ भने त्यसबाट लिएको ऋण आयमा पनि गणना हुने हुँदा प्रतिवादीको मौकाको बयानबाट खुलेको जम्मा रु. १,७८,७०,०००।— निजको यस शीर्षक अन्तर्गतको आय कायम हुने देखिएको।<br><u>व्ययतर्फः</u><br>(क) **घर निर्माण लागत (फिनिसिङ्ग/फर्निचर एवं घरमा जडित रहेका इलेक्ट्रोनिक्स उपकरणहरु समेत):** | बढेबढाएका आय तथा सम्पत्तिलाई वैध मान्न सकिने अवस्था नदेखिई आयोगबाट यस शीर्षकमा प्रतिवादीको आय कायम नगरिएको।<br>▪ सम्मानित विशेष अदालतबाट प्रतिवादीको आय व्यय समग्रतामा हेरिने भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको समेतका आधारमा प्रतिवादीको बैंकबाट प्राप्त ब्याज पनि समग्रतामा नै गणना गर्नुपर्ने देखिएको भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत प्रतिवादीको यस शीर्षकमा रु. ३,९२,३०२।— कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ई) मुद्दती निक्षेप सुरक्षण धितो राखी प्राप्त कर्जा रकमः**<br>▪ प्रतिवादी राजकुमार शाक्यले पटक पटक मुद्दति खातामा समेत निक्षेप जम्मा गरेको देखिएको। मुद्दति निक्षेप परिपक्व पश्चात सोही रकम नै पुनः मुद्दति खातामा नविकरण गरेको हो भन्ने निक्षेप स्विकार गर्ने संस्था स्वयंले नविकरण गरेको नदेखिई बचत खातामा ट्रान्सफर पश्चात मुद्दति खातामा कुनै नगदै जम्मा हुन गएको भने मुद्दति निक्षेप बचत खातामा परिपक्व पश्चात आएपछि खाताबाट चेक काटी झिकिएको समेत देखिँदा सोही परिपक्व भएकै रकम पुनः मुद्दति खातामा गएको भन्ने विश्वसनीय आधार नदेखिएको। निज प्रतिवादीको सञ्चित वैध आयले खामेको मुद्दति निक्षेप रकमको आधारमा निजको वैध आयलाई गणना गर्दा अधिकांश मुद्दति निक्षेप निजको आयले नखामेको। सामान्यतया बैंक तथा वित्तीय संस्थाहरुबाट लिइएको कर्जालाई आयको रुपमा गणना गरिने भए तापनि प्रतिवादीले लिएको कर्जाको प्रकृति हेर्दा सम्पत्ति लुकाउने छिपाउने प्रयोजनमा मुद्दति खातामा मौज्दात रहेको रकम झिकिएको देखिएको र कर्जा लिनमा प्रयोग भएको सुरक्षण धितो (मुद्दति निक्षेप) नै दुषित (स्रोत नखुलेको सम्पत्ति) देखिएकोले निजको आयले नखामेको उक्त मुद्दति निक्षेपको धितोमा लिइएको कर्जालाई वैध आयमा गणना गर्न मिल्ने नदेखिँदा स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाएको तथा लाभ (कर्जा) लाई वैध आयमा गणना नगरिएको।<br>▪ सम्मानित विशेष अदालतबाट प्रतिवादीले मुद्दती निक्षेप सुरक्षण धितो राखेर लिएको कर्जा जम्मा रु. १,७८,७०,०००।– रकम निजको आय रकम भित्र पर्न जाने हुँदा प्रतिवादीले राखेको निक्षेपलाई निजको ब्याजमा गणना गरिएको र त्यसबाट लिएको ऋण आयमा पनि गणना हुने भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत प्रतिवादीको मौकाको बयानबाट खुलेको जम्मा रु. १,७८,७०,०००।– प्रतिवादीको आयमा कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>(उ) सम्मानित विशेष अदालतबाट **प्रतिवादी राजकुमार शाक्य कार्यरत कार्यालयबाट असाधारण (बेतलवी) बिदामा रहँदा गोर्खा वेलफेयर स्किम ब्रिटिस गोर्खा नेपाल, पोखरामा कार्यरत रही प्राप्त पारिश्रमिक लगायतका बचत आय रु.** २६,३५,५४३।— प्रतिवादीको आयमा कायम गरिएकोमा पुनरावेदक/वादीको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | शाक्यको नाममा राखेको हुँ, निजलाई बिक्री गरेको होइन भनी लिएको दावी र निज प्रभा शाक्यको बाबु धनराज शाक्यसमेतले खुलाईदिएको बेहोरासमेतले निज प्रभा शाक्यको नाममा रहेको उक्त जग्गा निज प्रभा शाक्यको नभई राजकुमार शाक्यको लगानी रहे भएको पुष्टि हुन आएकोले सो जग्गा लगायतका सार्वजनिक सेवामा प्रवेश पश्चात खरिद तथा लगानी गरिएको चलअचल सम्पत्तिहरुको स्रोत नखुलेको बराबरको भाग साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग, दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र प्रतिवादी राजकुमार शाक्यको श्रीमती अल्का शाक्य र भान्जी नाताकी प्रभा शाक्य समेतलाई | यस शीर्षकमा आयोगबाट स्थलगत निरीक्षण गरी जम्मा रु. ३७,९४,३२४।— कायम गरिएकोमा प्रतिवादी राजकुमार शाक्यको तर्फबाट हाम्रो अदालती अभ्यासमा व्यक्ति आफैले निर्माण गरेको घरमा ओभरहेड कस्ट र ठेक्का कर नलाग्ने हुँदा २०% रकम घटाउनुपर्छ भनी जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादी आफैले निर्माण गरेको निजी घर हुँदा यसमा शहरी विकास तथा भवन निर्माण विभागको स्वीकृत मापदण्ड बमोजिमको दर रेट प्रयोग गरी निर्माण लागत निकालिएको हुँदा त्यसमा लगाइएको १५% ओभरहेड कस्ट र ५% ठेक्का कर गरेर २०% रकम घटाउनु पर्ने देखिई घरको मूल्याङ्कन प्रतिवेदन अनुसार घरको Structure को निर्माण लागत रु. ३०,३८,७३६।— को २०% रकम रु. ६,०७,७४७।— घटाउँदा रु. २४,३०,९८८।८ हुन आउने देखिएको। यो रकम घरको Structure बनाउँदा लागेको खर्च र त्यसमा जोडिएको बिजुली, स्यानेटरी, साइट डेभलपमेन्ट, फिनिसिङ वापतको मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित रकम साथै, इलेक्ट्रिकल उपकरण, स्यानिटरी, फर्निचर र कम्पाउण्ड समेतको रकम समेत जोड गर्दा हुन आउने जम्मा रु. ३१,८६,५७६।८ प्रतिवादीको घर निर्माण खर्च अन्तर्गत कायम हुने देखिएको।<br>**(ख) आ.व. २०७२/०७३ मा आफ्ना सञ्चित मौज्दातहरुबाट चल अचल सम्पत्तिमा लगानी खर्च गरिरहँदा समेत प्रतिवादी राजकुमार शाक्य र निजको श्रीमती प्रतिवादी अल्का शाक्यको बैंक खाताहरुमा देखिएको मौज्दातः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. ६५,२५,२२८।— प्रतिवादीको व्ययमा कायम गरिएको। यस सम्बन्धमा, प्रतिवादीहरु र निजहरुका परिवारका सदस्यको नाममा रहे भएको अवधिमा देखिएका अन्तिम बैंक मौज्दातलाई अर्को छुट्टै शीर्षकमा समेत राखिएको देखिँदा बैंकमा रहेको रकम उक्त शीर्षकमा पनि जोडिसकेपछि यस शीर्षकमा पनि जोड्दा दोहोरो पर्न गएको देखिएकोले प्रतिवादीको यस शीर्षकमा उल्लिखित रकम निजको व्ययमा कायम गर्न मिल्ने नदेखिएको।<br>**(ग) प्रतिवादी राजकुमार शाक्यले विभिन्न व्यक्तिहरुलाई नगद र बैंक चेक मार्फत सापटी दिएको रकमः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. ७०,५०,०००।— व्यय कायम गरिएकोमा प्रतिवादीले मौकाको बयानको स.ज. ६४ र ६५ बाट बिनोद सिटौलालाई दिएको सापटी रकम रु. ६,००,०००।— फिर्ता पाएको भन्ने देखिँदा सो रकम निजको | अन्यथा जिकिर नरहेको।<br>(ऊ) आयोगबाट गणना नगरिएका तर प्रतिवादीले जिकिर लिएका आयका थप शीर्षकहरु अन्तर्गत **कर्जा वापत प्राप्त ब्याज** रु. ३,२२,५००।— प्रतिवादीको आयमा कायम गरिएकोमा पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।<br>प्रस्तुत मुद्दामा आयोगबाट **रु. १०,७७,५०,४५३।— (अक्षेरपि दश करोड सतहत्तर लाख पचास हजार चार सय त्रिपन्न मात्र)** बिगो कायम गरिएकोमा माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगको मागदावी तथा जिकिर, प्रतिवादीको जिकिर र सम्मानित विशेष अदालतको मूल्याङ्कन समेतका आधारमा प्रतिवादीले जम्मा **रु. ९,९३,७८,०४१।— (अक्षेरपि नौ करोड तिरानब्बे लाख अठहत्तर हजार एकचालिस मात्र)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको देखिएको।<br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगले कायम गरेको प्रतिवादी राज कुमार शाक्यको जाँच अवधिको व्यय जम्मा **रु. ११,६१,९१,०३९।— (अक्षेरपि एघार करोड एकसाठी लाख एकानब्बे हजार उनान्चालिस मात्र)** र जाँच अवधिको वैधानिक आय **रु. १,६८,१२,९९८।— (एक करोड अढसाठी लाख बाह्र हजार नौ सय अन्ठानब्बे मात्र)** देखिएकोले निज प्रतिवादीले **रु. ९,९३,७८,०४१।– (अक्षेरपि नौ करोड तिरानब्बे लाख अठहत्तर हजार एकचालिस मात्र)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको। सम्मानित विशेष अदालतबाट आंशिक वादी दावी पुग्ने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी प्रस्तुत पुनरावेदन जिकिर बमोजिम प्रतिवादी राज कुमार शाक्यले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी अर्का प्रतिवादीहरु अल्का शाक्य र प्रभा शाक्यको नाममा उक्त गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति राखी भ्रष्टाचार गरेको ठहर गरी आयोगको मागदावी तथा पुनरावेदन जिकिर बमोजिम सजाय गरी सम्पत्ति जफत गरी पाउन मागदाबी लिइएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादी कायम गरी स्रोत नखुलेको सम्पत्ति जफत गरी पाउन मागदावी लिइएको। | आयमा नजोडिएको हुँदा यस शीर्षक अन्तर्गतको व्यय रकमबाट घटाउनु पर्ने देखिएकोले जम्मा रु. ६४,५०,०००।— प्रतिवादीको व्यय कायम हुने देखिएको।<br>(घ) प्रतिवादी राजकुमार शाक्यको अन्यथा जिकिर रहेकोमा आयोगको दावी बमोजिम नै **प्रतिवादी राजकुमार शाक्यको नाममा सिद्धार्थ बैंक लि. मा रहेको खाता नं. ०१६१५०५६७०२ बाट मिति २०७१/११/१७ मा नागरिक लगानी कोषको नाममा बैंक चेक नम्बर Y१७००८५ मार्फत भुक्तानी** रु. ५,००,०१०।—; **प्रतिवादी राजकुमार शाक्य र निजको श्रीमती प्रतिवादी अल्का शाक्य समेतका नाममा विभिन्न बैंकहरुमा विभिन्न मितिमा जम्मा गरेका मुद्दति निक्षेप कारोबार रकम** रु. ८,३२,५५,०००।— र **शेयर खरिद** रु. १०,०९,६००।— प्रतिवादीको व्ययमा कायम हुने गरी सम्मानित विशेष अदालतबाट फैसला भएको देखिएको।<br>(ङ) प्रतिवादी राजकुमार शाक्यको जाँच अवधिको व्यय सम्बन्धमा आयोगबाट **जग्गा खरिद रजिष्ट्रेशन शुल्क समेतको खर्च** रु. १,४४,३६,७८२।—; **प्रतिवादी अल्का शाक्यको नाममा खरिद जग्गा भान्जी नाताकी प्रभा शाक्यको नाममा स्वामित्व परिवर्तन गरी राख्दा सम्बन्धित मालपोत कार्यालयमा तिरेको रजिष्ट्रेशन शुल्क** रु. १,५७,७८२।—; **घर बहाल आयकर वापत सम्बन्धित निकायमा तिरेबुझाएको कर** रु. ८७,१२०।—; **बीमा प्रिमियम शुल्क वापत तिरे बुझाएको रकम** रु. ३,९६,८४८।—; **शैक्षिक खर्च** रु. २,९०,०००।—; **सवारी साधन खरिद** रु. २३,६६,०००।—; **सवारी साधन खर्च** रु. ३२,३००।—; **साथमा रहेको नगद** रु. १,००,०००।— र **प्रतिवादी राजकुमार शाक्य र निजको परिवारका सदस्यहरुका नाममा रहे भएको जाँच अवधिमा देखिएको अन्तिम बैंक मौज्दात** रु. ३९,२३,०२०।— कायम गरिएकोमा प्रतिवादीले अन्यथा जिकिर नलिई स्वीकार गरेको हुँदा चर्चा गरिरहन पर्ने नदेखिएको। | |